# धनगढी, कैलालीका चक्रराज जोशीको सुरक्षाकर्मीद्वारा माओवादीको आरोपमा गिरफ्तारी र हत्या सम्बन्धी

# स्थलगत अध्ययन प्रतिवेदन




मानव अधिकार सन्धि अनुगमन समन्वय समितिका तर्फबाट

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक), नेपाल बालमजदुर सरोकार केन्द्र (सिविन),

हिम राइट्स लाइफ लाईन, यातना पीडित सरोकार केन्द्र (सिभिक्ट), जनउत्थान प्रतिष्ठान

२०६१ पुस २१, काठमाण्डौ

# धनगढी, कैलालीका चक्रराज जोशीको सुरक्षाकर्मीद्वारा माओवादीको आरोपमा गिरफ्तारी र हत्या सम्बन्धी
## स्थलगत अध्ययन प्रतिवेदन



## सारांश

यो प्रतिवेदन मिति २०६१ मंसिर २७ मा कैलाली जिल्ला, धनगढी नगरपालिकास्थित देवरिया जंगलमा सेनाको गोलीबाट मारिई खाल्डोमा पुरेर छाडिएका चक्रराज जोशीको हत्यासँग सम्बन्धित छ । जोशीको मृत्यु सुरक्षाफौजको गोलीले भएको हो भन्ने कुरामा पीडित परिवार, स्थानीय व्यक्ति तथा अधिकारीहरू तथा विभिन्न संस्थाहरूको मात्र नभई शाही नेपाली सेनाको समेत सहमति देखिन्छ । सेनामाथि अपहरणपछि यातना दिई हत्या गरेको आरोप छ भने जोशीमाथि जवाफी कारवाहीका क्रममा गोली चलाइएको र घटनास्थलमा जोशी माओवादीको समेत अभियुक्तका रुपमा उपस्थित भएको दावी सेनाले गरेको छ । नेपाली कांग्रेसले जोशीलाई आफ्नो कार्यकर्ता बताएको र घटनाको प्रकृति समेत रहस्यमय भएको अवस्थामा राष्ट्रिय मानवअधिकार आयोगका तर्फबाट थप विस्तृत छानवीन गरिनु पर्ने आवश्यकता रहेको देखिन्छ ।

*मानव अधिकार सन्धि अनुगमन समन्वय समितिकातर्फबाट*
*अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक), नेपाल बालमजदुर सरोकार केन्द्र (सिविन),*
*हिम राइट्स लाइफ लाईन, यातना पिडित सरोकार केन्द्र (सिभिक्ट), जनउत्थान प्रतिष्ठान*

२०६१ पुस ४ गते, बाँके

## १. अध्ययन टोलीका सम्बन्धमा

प्रस्तुत प्रतिवेदन मानव अधिकार सन्धि अनुगमन समन्वय समितिको छ सदस्यीय तथ्य संकलन टोलीको स्थलगत अध्ययनपश्चात् तयार पारिएको हो । मानव अधिकार सन्धि अनुगमन समन्वय समिति ३४ वटा मानवअधिकार संघसंस्थाहरूको साझा मञ्च हो । यो मञ्च विगत तीन बर्ष देखि मानवअधिकारको क्षेत्रमा कार्यरत छ । यसले मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि तथा अभिसन्धिहरू अनुमोदन गरेपछि सृजना हुने राज्यको दायित्व अनुरूप कार्य भए-नभएको अनुगमन गरी नागरिक समाजको तर्फबाट संयुक्त राष्ट्रसंघमा प्रस्तुत गरिने प्रतिवेदनहरू तयार गर्दै आएको छ । देश भित्र भएका मानवअधिकार उल्लंघनका घटनाहरूको अनुगमन गर्ने क्रममा कैलाली जिल्लास्थित धनगढी नगरपालिका, वार्ड नं. आठ, देवरिया जंगलमा भएको हत्याको घटनाको पनि अनुगमन गरिएको छ । यस समितिको सचिवालय अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)को काठमाण्डौस्थित केन्द्रीय कार्यालयमा रहेको छ ।

तथ्य संकलनका लागि निम्न उल्लेखित संस्थाका प्रतिनिधिहरूको संलग्नतामा एक टोली बनाइएको थियो –

| क्र.सं. | संस्था | प्रतिनिधि |
|---|---|---|
| १ | इन्सेक | अकुर न्यौपाने (संयोजक) |
| २ | इन्सेक | कुन्दन अर्याल |
| ३ | सिविन | माधव लोहनी |
| ४ | सिभिक्ट | सुरेश गौतम |
| ५ | हिमराइट्स लाइफलाइन | प्रकाश उपाध्याय |
| ६ | बहुमुखी सेवा केन्द्र | प्रभात कुमार ठकुरी |
| ७ | जन उत्थान प्रतिष्ठान | कमल लोहनी |

## २. घटनास्थल र घटनाको पृष्ठभूमि

प्रस्तुत प्रतिवेदनसँग सम्बन्धित घटनास्थल कैलाली जिल्लास्थित धनगढी नगरपालिका, वार्ड नं. आठ, देवरिया जंगल रहेको छ । सो ठाउँ मुख्य शहरदेखि लगभग एक कि .मि. पूर्व, कैलाली बहुमुखी क्याम्पसबाट २ सय मि. पूर्व-दक्षिण तथा कच्चीबाटोदेखि १ सय मिटर उत्तरमा पर्दछ ।

डोटी स्थायी घर भई एक महिना अघिदेखि धनगढी, क्याम्पसरोडस्थित आफन्तको घरमा बस्दै आएका ३४ वर्षीय चक्रराज जोशीको शव जंगलमा गाडिएको अवस्थामा मंसिर २८ गते फेला पर्‍यो । उनलाई मंसिर २७ गते आइतवार बिहान ९:३० बजे निज बसेको घरमा खाना खान भित्र पस्न लाग्दा सादापोशाकमा आएका सुरक्षाकर्मीहरूको एक समूहले अपहरण गरी

गोली हानेर मारेको भन्दै नेपाली कांग्रेसले हत्याको छानबिन गर्न विभिन्न मानवअधिकारवादी संस्थासमक्ष अनुरोध गऱ्यो । तर जोशी माओवादी भएको र सुरक्षाफौजको प्रतिकारमा मारिएको दाबी सुरक्षानिकायले गऱ्यो । मानव अधिकार सन्धि अनुगमन समन्वय समितिको एक टोली यसै पृष्ठभूमिमा स्थलगत अध्ययनमा गएको हो ।

## ३. स्थलगत अध्ययनका उद्देश्यहरू :

- घटनाका क्रममा भएका मानवअधिकार उल्लंघन तथा ज्यादतीको अनुगमन गर्ने
- घटनाको सत्य तथ्य पत्ता लगाउने
- घटनाका संलग्न पक्ष तथा सरोकारवाला अधिकारीहरूको ध्यानाकर्षण गराउने

## ४. तथ्य संकलन विधि :

घटनाको अध्ययन क्रममा तथ्य संकलनका लागि टोलीले प्राथमिक तथा द्वितीयक स्रोतहरू उपयोग गरेको छ । प्राथमिक स्रोतका रूपमा स्थलगत अध्ययन, अवलोकन तथा घटनासम्बद्ध विभिन्न व्यक्ति तथा निकायका अधिकारीसँगको अन्तर्वार्ता रहेका छन् । यिनका अतिरिक्त विभिन्न पत्रपत्रिकामा प्रकाशित समाचार, राजनैतिक दलका प्रेस विज्ञप्ती तथा इन्सेक मानवअधिकार वर्ष पुस्तक प्रतिनिधिबाट प्राप्त जानकारीहरूलाई द्वितीयक स्रोतका रूपमा लिइएको छ ।

## ५. स्थलगत अवलोकन :

मानव अधिकार सन्धि अनुगमन समन्वय समितिको छ सदस्यीय तथ्य संकलन टोली २०६१ पुस चार गते बिहान ११:०० वजे धनगढी नगरपालीका पुग्यो । टोलीले स्थानीय धीरेन्द्र बि.क.को सहयोगमा घटनास्थल जाईजाली सामुदायिक वन अन्तर्गत देवरिया जंगलको निरीक्षण गऱ्यो । सो जंगल मुख्य शहरदेखि लगभग एक कि .मि. पूर्व, कैलाली बहुमुखी क्याम्पसबाट २ सय मि. पूर्व-दक्षिण रहेको छ । कच्चीबाटोदेखि १ सय मिटर उत्तर तथा गाउँको छेउमा रहेको नालादेखि ५० मि. को दूरीमा रहेको घटनास्थलमा दुईवटा सालको रुखको बीचमा लगभग दुई फिट गहिरो, लगभग १ फिट चौडा र लगभग ४ फिट लामो खाडल देखियो । चक्रराज जोशीलाई मारेर सोही खाल्डोमा गाडिएको बताइयो ।

घटनास्थलको अवलोकनपश्चात् टोलीले घटनासम्बद्ध विभिन्न व्यक्ति तथा अधिकारीहरूसँग भेटी अन्तर्वार्ता लियो । यससम्बन्धी विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।



अध्ययन टोलिले मृतकलाई गाडिएको खाल्डोको निरिक्षण गर्दै ।



जंगल अगाडीको नाला

| क्र.सं. | नाम | संस्था /कार्यालय | पद | स्थान | मिति |
|---|---|---|---|---|---|
| १ | शिवेन्द्रपुरुष ढकाल | जिल्ला प्रशासन कार्यालय | प्रमुख जिल्ला अधिकारी | कैलाली | ०६१ पुस ४ |
| २ | रामशरण कार्की | शाही नेपाली सेना, बरख गण | महासेनानी | कैलाली | ०६१ पुस ६ |
| ३ | वीरबहादुर राना | जिल्ला प्रहरी कार्यालय | प्रहरी नायव उपरिक्षक | कैलाली | ०६१ पुस ४ |
| ४ | श्री गोविन्दराज जोशी | नेपाली कांग्रेस जिल्ला कार्यसमिति | उपसचिव | कैलाली | ०६१ पुस ४ |
| ५ | दुर्गाप्रसाद भण्डारी (मृतकको मामा) | | | कैलाली जिल्ला धनगढी नपा | ०६१ पुस ४ |
| ६ | पीडित परिवार | | | कैलाली | ०६१ पुस ४ |

## ६. घटनासम्बद्ध विभिन्न व्यक्ति तथा अधिकारीहरूका भनाइ :

### ६.१ कमला जोशी (मृतककी श्रीमती, ३१ वर्ष)

अहिले देशमा सरकार हत्या र हिंसामा मात्र व्यस्त छ, सुरक्षा छैन । मेरा तीन छोरा-छोरीलाई सरकारले पढाइ-लेखाइ गरिदिनु पर्दछ । म यो हत्याको बदला जोसँग हो, उहीसँग लिइ छाड्ने छु । मेरो कमाइले खान र बच्चाहरूलाई पढाउन पुग्दैन । मानवअधिकारवादीहरूसँग सहयोगको अपेक्षा राखेकी छु ।

### ६.२ शिबेन्द्र पुरुष ढकाल (प्रमुख जिल्ला अधिकारी, कैलाली) :

म यो बारेमा प्रारभिक चरणमा नै छु । सैनिक बाट बुझ्दा ऊ विशाल नाम गरेको माओवादी हो र प्रतिकारमा मारिएको हो ।

### ६.३. रामशरण कार्की (महासेनानी, बरख गण, धनगढी) :

चक्रराज जोशीलाई सुरक्षाकर्मीले पक्राउ गरेका होइन । मृतक जोशीका साथ भेट्टाइएको कागजातको अध्ययन गर्दा के अनुमान गर्न सकिन्छ भने उनी पहाडमा माओवादीको कारवाही छल्न तराई भागेका थिए । डोटीको मान्ना कापडी गाविसमा रकम हिनामिना गरेको अभियोगमा माओवादीले उनीमाथि कारबाही गरेको बुझिन्छ ।

त्यो घटनामा पाँच जना एकै ठाउँमा थिए । सुरक्षा फौज आएको देखेपछि उनीहरूले सकेट वम प्रहार गरे । त्यसपछि सुरक्षाफौजका तर्फबाट चलाइएको गोली जोशीलाई लागेको हुनु पर्छ । तर उसलाई सादा पोशाकका सुरक्षाकर्मीले मारेका होइनन् ।

ऊ मान्ना कापडी गाविसमा बाँच्नका निम्ति माओवादी भएको पनि हुन सक्छ । तर देवरियामा गोली चल्दा ऊ एक्लै थिएन । ऊ मरेको हाम्रै फायरले हो । तर त्यो फायर पाँच जनाको समूहबाट सकेट वम फ्याँकिएपछि भएको हो ।

देवरियाको जंगलमा त्यसबेला पाँच जना थिए । सुरक्षाफौजलाई देखेपछि उनीहरूले सकेट बम प्रहार गरे । सकेट बम अरुले फ्याँकेको हुन सक्छ । तर सुरक्षाफौजले गोली चलाएपछि अरु चार जना भागे ।

सुरक्षाफौज सादा पोशाकमा थिएन । फौजले पक्रिएर मारेको पनि होइन । ऊ माओवादी नै हो र तत्काल उनीहरूकै कारबाहीमा थियो भन्ने कुरा उसका डायरीका पन्नाहरूमा लेखिएका कुराबाट बुझ्न सकिन्छ । उसको घरमा उसले लेखेको अरु पनि कागजातहरू होलान्, अक्षरको पहिचान जो कसैले गर्न सक्दछ ।

## ६.४. वीर बहादूर राना (प्रहरी नायब उपरिक्षक, जिल्ला प्रहरी कार्यालय, कैलाली)

घटना भएको दिन बन्द थियो । जनपद पुलिसले यो घटना गराएको होइन, हामीसँग त्यस्तो किसिमको उनीहरूसँग लड्ने हतियार छैन र हामी त्यति पर जान पनि सक्दैनौ । प्रतिकारमा मारिएको हो । हामीपनि मानवअधिकारप्रति सजग छौं ।

## ६.५. गोविन्द राज जोशी (उपसचिव, नेपाली कांग्रेस जिल्ला कार्यसमिति, कैलाली)

सरकारले निर्दोष नेपाली कांग्रेसका कार्यकर्ताको हत्या गरायो । हामीलाई ठूलो क्षति भयो, विशुद्ध कार्यकर्ता हामीले गुमायौं । उनी कुनै पनि हालतमा माओवादी होइनन् । उनकोसदस्यता नवीकरण नं. १३४०१२ हो ।

## ६.६. दुर्गा प्रसाद भण्डारी (मृतकको मामा)

मेरा भाञ्जा गत कार्तिक २० गते भाञ्जी बुहारीको संचय कोष झिक्नका लागि भनी धनगढी आएका थिए । सोहि बिषयलाई लिएर र आफ्ना बच्चाहरू पनि धनगढी नै भएकोले अल्मलिएका थिए र डोटी जाने सुरमा पनि थिए । घटना भएको दिन बिहान लगभग नौ बजेतिर अस्पताल जान भनी मेरो घरबाट तीनजना निस्के । बाटोको बीचमा पुगेपछि उनीहरूको बीचमा सल्लाह भएछ । सोही अनुसार खाना खानका लागि आ-आफ्नो घर जाने निर्णय गरेपछि मेरो भान्जा पनि अलि तल आएछन् । सोही क्रममा सद्भावना चोकबाट उनी दक्षिणतर्फ

लागेछन् । अन्दाजी ९ :३० बजे बिहान उनलाई सादापोशाकका सुरक्षाकर्मीले लगेको ससुराली घरले देखेका थिए, किनभने उहाँहरूको घर सडकमा सटेको थियो । सादापोशाकमा आएका नौ देखि ११ जना सुरक्षाकर्मीहरूबीच उनी हिंड्दा सुरक्षाकर्मी पनि हिंड्ने र उनी रोकिँदा सुरक्षाकर्मी पनि रोकिने, यस्तो अवस्था देख्दा पक्का पनि भाञ्जालाई सुरक्षाकर्मीले लगेको हुनुपर्छ भन्ने लाग्यो । यदि माओवादीले लगेको भए त्यही सद्भावना टोल नजिक पुलिसहरूपनि थिए, कसरी लान सक्छन् ! त्यसैले पक्का पनि सुरक्षाफौजले नै लगेको हुनु पर्दछ ।

केही समय पछि छोडीहाल्छन भन्ने अनुमानले घरमा बसी चिन्ता त्यति लिएनौं । खाना खाई बुझ्न भनी सद्भावना टोलतिर नै लाग्यौं । त्यहाँ पुगेपछि यतातिर (क्याम्पस) लग्या हुन भनेको सुनेपछि त्यतै लाग्यौं । सोही बेला गोली चल्यो । त्यहाँ रहेका चौधरीहरूसँग बुझ्दा 'हामीलाई थाहा छैन, तर ५ राउण्ड गोली चलेको चाहिँ हो, अघि लगेको मान्छे नै हुनु पर्दछ' भनेर उनीहरूले भने । हामीलाई शंका लाग्यो । त्यस पछि हामीले सिडिओ र सेनालाई सम्पर्क गर्दा उनीहरूले 'हामीलाई कुनै जानकारी छैन र नियन्त्रणमा पनि लिइएको छैन' भने ।



**मृतकको दाह संस्कारका लागि तयार पारिएको शव**

सोही दिन रातीको समाचारमा विशाल वा विकास के नाम गरेको माओवादीलाई मारेको भन्ने खवर सुने पछि झन् हामी आत्तियौं । फेरी के पनि सोचियो भने विशाल वा विकास नाम गरेको व्यक्ति पो मरेको त, हामीलाई चिन्ता छैन । तर बुझ्न चाहिँ छाडेनौं । लासलाई देखाइ दिनु पर्छ भनी हामी सिडिओकहाँ गयौं । सिडिओले 'जंगलमा जान हामी कसैलाई अनुमति दिदैनौं, आफू जे गर्नु हुन्छ गर्नोस्' भने । २७ गते यतिमै दिन गयो ।

२८ गते सबै मानवअधिकारवादी, विद्यार्थी, पत्रकार, स्थानीय समुदाय र संघसंस्थाहरूसँग सल्लाह भयो । जहाँ भएपनि कि सास कि लास हामीलाई चाहिन्छ भन्दै केही सिडिओतिर लागे भने केही कलेज नजिक भएकोले विद्यार्थीको सहयोगले जंगलतिर खोजतलासको लागि लागे । सिडिओ तिर गएको समुहले कुरा गरिरहेको बेला  जंगल गएको समुहले लास फेला पारेको खबर प्राप्त भयो । त्यत्तिकैमा जुलुस सहित लास बोकेर सिडिओ अफिसको ढोकामा पुगे । लास नदेख्नु थियो, देखियो, पोष्टमार्टमको लागि अनुरोध गरियो । प्रजिअले स्वीकार गर्नु भएन । वादविवाद भयो, भिडन्त भयो, चारजना विद्यार्थी  घाइते भए । जति भने पनि माथिको आदेशबिना पोष्टमार्टम गर्न मिल्दैन भने पछि  जुलुसको जस्ले नेतृत्व गरेको छ उसले देउवाजीसँग काठमाण्डौंमा सम्पर्क गरे । अनेक गरे पश्चात अन्तमा ५:३० वजेतिर पोष्टमार्टमको लागि अस्पताल लगियो ।  पोष्टमार्टम भयो, त्यो दिन लाश त्यहीँ राखी २९ गते आफ्नो संस्कार अनुसार दाहसंस्कार गरियो ।

## ७. घटनासम्बन्धी विभिन्न कागजातहरू :

प्रस्तुत प्रतिवेदनसँग सम्बन्धित घटनासम्बन्धी विभिन्न कागजातहरू पनि टोलीले संकलन गरेको छ । परिशिष्टमा राखिएका कागजातहरू निम्नानुसार रहेका छन्–

(क) कैलालीबाट विभिन्न संस्थाले २०६१।८।२९ मा संयुक्त रूपमा जारी गरेको प्रेस विज्ञप्ति
(ख) नेपाली कांग्रेस जिल्ला कार्य समिति डोटीले २०६१।८।२९ मा जारी गरेको प्रेस विज्ञप्ति
(ग) नेपाली कांग्रेस केन्द्रीय कार्यालयले २०६१।८।३० मा जारी गरेको प्रेस विज्ञप्ति
(घ) नेपाली कांग्रेस जिल्ला कार्य समिति कैलालीले जिल्ला प्रशासन कार्यालयमा २०६१।९।२ मा पेश गरेको ज्ञापन पत्र
(ङ) कैलालीका विभिन्न राजनीतिक दलका प्रतिनिधि तथा मानवअधिकारवादीहरूको संयुक्त बैठकको निर्णय
(च) नेपाली कांग्रेस जिल्ला कार्यसमिति डोटीले सुदूर पश्चिमाञ्चल समन्वय समितिलाई चक्रराज जोशी बारेमा लेखेको पत्र
(छ) शाही नेपाली सेनाको बरख गण, धनगढीबाट जारी गरिएको प्रेस विज्ञप्ति
(ज) मृतकको शरीरबाट प्राप्त भएको भनी सेनाद्वारा सार्वजनिक गरिएको कागजात

## ८. घटना विवरण

डोटी जिल्ला मान्ना कापडी गाविस स्थायी घर भई तत्कालीन समयमा कैलाली जिल्ला धनगढी नगरपालिकामा बस्दै आएका वर्ष ३४ का चक्रराज जोशी शाही नेपाली सेनाको गोलीले मारिएका हुन् भन्ने कुरा स्पष्ट देखिन्छ । घटनास्थलमा पाँच राउण्ड गोली चलेको तथा जोशीको शव खाल्डोमा पुरिएको अवस्थामा भेटिएको तथ्यले पनि यसलाई पुष्टि गर्छ । यसलाई पीडित परिवार, स्थानीय बासिन्दा, अधिकारीहरूका साथै सुरक्षा निकायले समेत स्वीकार गरेको छ । तर

घटनाको पृष्ठभूमिका बारेमा भने एक मत छैन । पीडित परिवार तथा स्थानीय बासिन्दाका अनुसार सादापोशाकका हतियारधारी सुरक्षाकर्मीले जोशीलाई कब्जामा लिई हत्या गरेका हुन् । जोशीलाई हत्या गरिनुअघि यातना दिएको आरोप पनि सुरक्षाफौजमाथि लगाइएको छ । सुरक्षा निकायले भने जोशी माओवादी भएको र प्रतिकारमा मारिएकोमा जोड दिएको छ ।

एकातिर शाही नेपाली सेना जोशीको मृत्यु सुरक्षाफौजको गोलीले भएको हो भन्ने कुरामा सहमत देखिनु तर त्यो गोली जवाफी कारवाहीका क्रममा चलाइएको र घटनास्थलमा जोशी माओवादीको समेत अभियुक्तका रूपमा उपस्थित भएको दाबी सेनाले गर्नु र अर्कोतिर देशको एक जिम्मेवार राजनीतिक पार्टीले जोशीलाई आफ्नो कार्यकर्ता बताउनुले घटनालाई रहस्यमय बनाएको छ । जोशी मारिएको तथा उनको जंगलमा गाडिएको परिस्थिति पनि आफैमा कम रहस्यमय छैन । जोशीको मृत्युले उनकी ३१ वर्षीया श्रीमती, दुई छोरा तथा एक छोरीमाथि प्रत्यक्ष असर परेको छ ।

## ९. निष्कर्ष

स्थलगत तथा विभिन्न कागजातहरूको अध्ययनबाट चक्रराज जोशीको हत्या सुरक्षाकर्मीबाट भएको देखिन्छ । सुरक्षा निकायले आफ्नो कब्जामा लिइसकेको व्यक्तिलाई प्रचलित कानुन बमोजिम कारबाही चलाउनु पर्नेमा सो बमोजिमको कार्य सुरक्षा निकायबाट भएको पाइएन । यस घटनालाई हेर्दा निम्न बमोजिमका प्रचलित कानुनहरूको उल्लंघन भएको ठहरमा यो टोली पुगेको छ ।

- ☞ नेपाल अधिराज्यको संविधान २०४७ को भाग ३ को विभिन्न धाराहरूले प्रदान गरेका नागरिकका आधारभूत अधिकारहरूमाथि कानुन कार्यान्वयन गर्नुपर्ने निकायले बेवास्ता गरेको ।
- ☞ नागरिक अधिकार अधिकार ऐन २०१२ ले प्रदान गरेको व्यक्तिको ज्यान/वैयक्तिक स्वतन्त्रता हरण गरिएको ।
- ☞ आतंककारी तथा विध्वंशात्मक (अपराध र सजाय) अध्यादेश २०६० को समेत उल्लंघन भएको ।
- ☞ जेनेभा महासन्धि १९४९ को साझा धारा ३ को प्रत्यक्ष उल्लंघन भएको ।
- ☞ नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी महासन्धि १९६६ को धारा ६, ७ र ९ को प्रत्यक्ष उल्लंघन भएको ।
- ☞ यातनाविरुद्धको महासन्धि १९८४ को उल्लंघन भएको ।

यसरी सुरक्षाकर्मीले नागरिकको हत्या गरेर ज्यादती गरेको कुरा त्यस घटनाबाट देखिन आउ□छ ।

## १०. सुझाव :

(क) चक्रराज जोशीको हत्यासँग जोडिएका घटनाक्रम अत्यन्त रहस्यमय भएकाले सरकारद्वारा घटनाको यथाशीघ्र छानबिन गरिनु पर्छ ।

(ख) नेपालको प्रचलित कानूनले मृत्युदण्डलाई अस्वीकार गरिसकेको अवस्थामा पनि मानिसको बाँच्न पाउने अधिकारलाई राज्यका सुरक्षाकर्मीहरूले हनन गरेकोले दोषीलाई कारबाही गरी पीडित परिवारलाई उचित क्षतिपूर्ति उपलब्ध गराइनु पर्छ ।

(ग) नागरिकले कुनै गल्ती गरेको भए त्यसको दण्ड दिने अधिकार न्यायालयलाई प्राप्त भएकोमा आफ्नो कब्जामा परिसकेको व्यक्तिलाई न्यायालयसामु उपस्थित गराउनुको साटो यातना दिनु तथा गैरन्यायिक हत्या गरिनुले दण्डहीनताको संस्कृतिलाई बढावा दिने र त्यसबाट अन्ततोगत्वा समाजलाई नै क्षति पुग्ने हुन्छ । तसर्थ सुरक्षाकर्मीबाट भविष्यमा पनि यस्ता गैरन्यायिक हत्या नहोऊन् भन्नेमा सचेत रही समुचित उपाय गरिनु पर्छ ।

(घ) यस घटनासम्बन्धमा राष्ट्रिय मानवअधिकार आयोगका तर्फबाट थप विस्तृत छानवीन गरिनु पर्ने आवश्यकता रहेको देखिन्छ ।

#214 5295-58

# प्रेस विज्ञप्ती

०६१ साल मंसिर २७ गते मान्नागाडी गाविस वार्ड नं. १ बरल गाउं डोटी स्थाइ बसोबास गर्दै आएका र हाल धनपा .८ अनामनगर बस्दै आएका चक्रराज जोशी आफ्नो काम बिशेषले धनपा.८ अनामनगरमा निस्कदा प्रत्यक्षदर्सीहरुका अनुसार अन्दाजी ९ जनाको संख्यामा सादापोसाकमा आएका बन्दुधारीहरुले कब्जामा लिइ लगेको तेस्रे दिन निजका परिवारका सदस्यहरु ,नागरीक समाजका व्यात्तिहरु ,मानव अधिकारवादी ,पत्रकारहरु समेत धनपा.८ देवरीया जंगलमा गइ खोजतलास गर्दा सोही जंगलमा निज चक्रराज जोशीलाइ हत्यागरी खाल्टोमा पुरेको अवस्थामा फेला पारियो ।

यसरी एउटा सर्वसाधारण व्यक्ती / सामान्य तथा निशस्त्र नागरिकलाइ यसरी जधन्यतापुर्वक हत्या गरिदा नागरिकको ज्यू ज्यान माथि गम्भिर प्रश्न चिन्ह खडा भएको छ । अत: जो कसैबाट हत्या गरीएको भएतापनि यो प्रकृतीको हत्याले मानव अधिकार र जेनेभा माहासन्धिको घोर उल्लंघन गरेको छ । यस किसिमको हत्याकाण्डको घोर भर्त्सना गर्दै पिडित परिवारलाइ क्षतीपुर्ति सहित संरक्षण र घटनाको सत्यतथ्य पत्ता लगाइ यस हत्याकाण्डका दोषीहरुलाई कारवाहिको लागी जोडदार अपिल गर्दछौ ।

| | |
|---|---|
| खडकराज जोशी | इन्सेक |
| रविन पन्त | गै.स.स.महासंघ नेपाल कैलाली |
| हेमन्तराज न्यौपाने | नेबाए मानव अधिकार परियोजना |
| गणेश बि के | राष्ट्रीय मानव अधिकार एलाएन्स / आरडीएन |
| ज्योतीलाल वन | ग्रीन्सो नेपाल |
| सुर्य बहादुर भण्डारी | नेवाए कैलाली |
| बलाराम भट्टराई | सियसटी |

२०६१ / ८ / २९

# नेपाली कांग्रेस
## जिल्ला कार्य समिति
## डोटी

प.सं. :- २०६२।०६७
च.नं. :- ६३

मिति:- २०६१/८/२९

विषय:- प्रेस विज्ञप्ती ।

डोटी जिल्ला मान्नाकापडी गा.वि.स. वडा नं. १ घर भई हाल धनगढी नगर पालिका वडा नं. ७ मा बसोबास गर्दै आएका नेपाली कांग्रेसका क्रियाशील सदस्य एवं डोटी जिल्ला अधिवेशन प्रतिनिधि श्री चक्रराज जोशीलाई यही मंसिर २७ गते बिहान ९.१५ बजे कैलाली जिल्ला धनगढी नगर पालिका वडा नं. ७ शिवनगरमा सादापोसाकमा रहेका सुरक्षाकर्मीहरुले अपहरण गरेर क्रुरतापूर्वक हत्या गरि लास बेपत्ता पारेका र तत्कालै संचार माध्यमबाट नेकपा माओवादीको कार्यकर्ताको मुठभेडमा मृत्यु भएको खबरले परिवारजन र स्थानीय बासिन्दाद्वारा खोजी कार्य गर्दा लास पुरिएको अवस्थामा फेला पारेको खबरले नेपाली कांग्रेस, डोटी अत्यन्त आक्रोसित भएको छ । साथै उक्त बरबर घटनामा निर्दोस मानिसको हत्या भएकोमा स्थानीय बासिन्दाले आवाज उठाउंदा उल्टै निर्दोस विद्यार्थीहरु माथि क्रुरतापूर्वक दमन गर्नुले पनि नेपाली कांग्रेस चिन्तित छ ।

राजनैतिक दलमा संलग्न रहि शान्तिपूर्ण रुपमा जीवन यापन गर्न पाउने नागरिक अधिकार नेपाल अधिराज्यको संविधान २०४७ ले प्रत्याभूत गरेको छ । देशका निशस्त्र नागरिकको पूर्ण सुरक्षाको जिम्मा लिएको निकायले ठिक विपरीत मानवले बांच्न पाउने नैसर्गिक अधिकारलाई कुण्ठित गरेको छ । युद्धरत पक्षका लागि समेत कुनै युद्ध बन्दीलाई गरिने व्यवहारका बारेमा यस सम्बन्धि अन्तर्राष्ट्रिय कानुन जेनेभा महासन्धिमा समेत प्रष्ट व्यवस्था छ ।

यस घटनाले सुरक्षाकर्मी र श्री ५ को सरकार मानव अधिकारप्रति कति जिम्मेवार छ भन्ने कुराको अझ बढी स्पष्ट भएको छ । घटनाको न्यायिक छानबीन गरि स्व. जोशीको हत्यारामाथि कडा कारबाही गर्न र मृतकका आफन्तलाई उचित क्षतिपूर्ति उपलब्ध गराउन सम्बन्धित पक्षसंग जोडदार माग गर्दै, मानव अधिकारवादी संघ संस्थाको ध्यान आकृष्ट गर्न चाहान्छौं । यस घटनाको कडा शब्दमा भर्त्सना गर्दै नेपाली कांग्रेस यस प्रकारका घटनाको मुकदर्शक भई नबस्ने प्रतिबद्धता जाहेर गर्दछ। मृतात्माको चीर शान्ति र शोकाकुल परिवारजनहरुमा हार्दिक समवेदना प्रकट गर्दछौं ।

जय नेपाल

(राम प्रसाद उपाध्याय)
सचिव
जिल्ला कार्य समिति, डोटी

नेपाली कांग्रेस

केन्द्रीय कार्यालय
काठमाडौं, नेपाल

पत्र सङ्ख्या :

मंसिर ३०, २०६१

श्री एमनेष्टि इन्टरनेशल
श्री मानव अधिकार तथा शान्ति प्रतिष्ठान
श्री मानव अधिकार तथा प्रजातान्त्रिक मञ्च
श्री मानव अधिकार तथा सामाजिक न्याय मञ्च, नेपाल
श्री नेपाल मानव अधिकार संगठन
श्री इन्सेक
श्री मानव अधिकार संरक्षण मञ्च
श्री मानव अधिकार तथा शान्ति समाज
श्री मानव अधिकार संचार प्रतिष्ठान

विषय : हत्याको छानविन होस् भन्ने ।

नेपाली कांग्रेस डोटी जिल्लाका क्रियाशील सदस्य चक्रराज जोशी गत एक महिनादेखि कैलाली जिल्लाको धनगढीमा आएर त्यहाँको क्याम्पस रोडमा आफ्ना नातेदारको घरमा बस्नु भएको थियो । यही मंसिर २७ गते विहान ९:३० मा उहाँ आफू बसेको घरमा खाना खान भित्र पस्न लाग्दा, अप्रत्याशित तवरले उहाँलाई सुरक्षाकर्मीहरुले विना कुनै कारण जवर्जस्ती समातेर लिएर गए र त्यसको करीव पाँच सय मीटर पर क्याम्पसको जंगलमा पुऱ्याएपछि सुरक्षाकर्मीले गोली हानेर उहाँको अत्यन्त वीभत्स र अत्यन्त जघन्य तवरले हत्या गरेर उहाँको लाश समेत गायव गर्ने नियतले खाल्डो भित्र पुरिदिए । यो थाहा पाएर स्थानीय जनताले पुरेर राखेको ठाउँवाट लाश झिकेर ल्याएका छन् । त्यसपछि त्यहाँ अरु धेरैलाई सुरक्षाकर्मीले निर्ममतापूर्वक कुटपीट गर्ने कार्य पनि गरेका छन् ।

यसरी विना कसुर एक निर्दोष र निहत्था नागरिकलाई गरेको यो बर्वर हत्याले न्याय र मानव अधिकारका सम्पूर्ण मर्यादाको घोर उल्लंघन भएको छ । आफ्ना निर्दोष कार्यकर्तालाई यसरी अत्यन्त क्रूर तवरले गरिएको यो हत्यालाई नेपाली काँग्रेसले गम्भीर अपराधिक र घोर मानव अधिकार उल्लंघनको घटनाको रुपमा लिएको छ ।

वस्तुत: यो नेपाली काँग्रेसको निमित्त मात्र होइन, सम्पूर्ण न्यायप्रेमी नेपाली र मानव अधिकारका हिमायती एवं मानव अधिकारवादी संघ-संस्थाहरुको निमित्त पनि यो एक गम्भीर सरोकारको घटना हो । यसरी मानिसलाई पशुभन्दा पनि तल्लो तहमा पुऱ्याएर गरिएको यो घटनाप्रति संवेदनशील भएर यसको यथाशीघ्र उचित छानविन गर्न र यसको यथार्थ सार्वजनिक गरिदिन नेपाली काँग्रेस हार्दिक अनुरोध गर्दछ ।

(दिवाकर गौतम)
सचिव

टेलिफोन :२२६७६१/२४६२४८/२२३१८४/२२७७४८ फ्याक्स : २२७७४७
e-mail: nepurty@mos.com.np / Our Internet Access: http://www.south-asia.com/Nepalicongress/